# वार्षिक प्रतिवेदन

२०७७

१)**पृष्ठभुमि** :

प्रकृतिको विश्व मानचित्रमा विशेष गौरवको महत्व राख्ने रमणीय माछापुच्छ्रे र अन्नपूर्ण हिमश्रृङखलाले आच्छादित सुन्दर पर्यटकीय, औद्योगिक तथा व्यापारिक केन्द्र पोखरा सहरको शैक्षिक केन्द्रको रुपमा परिचित यस पोखरा बहुमुखी क्याम्पस, मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने मूल उद्देश्य राखि**"सर्वसुलभ शुल्कमा गुणस्तरीय"** शिक्षा भन्ने मुल नाराका साथ वि.सं.२०४४ साल मंसिर १४ गते पोखरा नगरपालिकाको वडा नं १ टुँडीखेलमा स्थापना भई  हाल पोखरा महानगरपालिकाको वडा नं ९ नयाँबजारमा सञ्चालनमा रहेको छ। त्रिभुवन विश्वविद्यालयले निर्दिष्ट गरेका उद्देश्य र लक्ष्यलाई आत्मसाथ गर्दै तत्कालीन अवस्थामा पृथ्वीनारायण क्याम्पस पोखरामा बढ्दै गएको भर्ना चापले पढ्नबाट वञ्चित भएका विद्यार्थीहरुको उच्च शिक्षा लिने आकांक्षालाई पूरा गर्न त्रिभुवन विश्वविद्यालयले निर्दिष्ट गरेका नीति योजना तथा कार्यक्रममा सहभागी भई यस क्याम्पसले मानविकी तथा व्यवस्थापन सङ्कायमा प्रवीणता प्रमाणपत्र तहको कक्षा प्रारम्भ गरेको थियो । कक्षा प्रारम्भ गर्दाको अवस्थामा व्यवस्थापन संकायमा ८३ जना र मानविकी संकायमा ६४ जना गरी जम्मा १४७ जना विद्यार्थी लिएर कक्षा सञ्चालन गरेको यस क्याम्पसले हालसम्म हजारौं जनशक्तिहरु उत्पादन गरी मुलुकको विकासमा छरिएर रहेका सरकारी, सार्वजनिक क्षेत्र, निजी क्षेत्र, बैक तथा वित्तीय क्षेत्र एवम् औद्योगिक तथा व्यापारिक प्रतिष्ठान तथा सार्वजनिक निगम लगायत अन्तर्राष्ट्रिय क्षेत्रमा समेत रोजगारीका अवसर प्राप्त गरेको पाइन्छ भने कतिपय जनशक्तिले सरकारी संस्था, शैक्षिक संस्था लगायत सार्वजनिक क्षेत्रका उद्यम तथा व्यवसायिक क्षेत्रमा  नेतृत्व प्रदान गरी मुलुकको विकासमा केही इट्टा थप्न सफल भएको छ। क्याम्पसले गरेका गतिविधि तथा  क्याम्पसका गतिविधिका वारे बृहत जानकारीलाई एकै ठाउँमा लिपिबद्ध गर्ने र त्यसलाई सरोकारवाला सम्म पुगोस् भन्ने हेतुले यो प्रतिवेदन तयार गरिएको जानकारी गराउन चाहन्छु।

यस प्रतिवेदनमा मूलतः क्याम्पसले विगत शैक्षिक सत्र र यो शैक्षिक सत्रमा केन्द्रित रहेर सम्पन्न भएका विभिन्न क्रियाकलाप र क्याम्पसको भौतिक पक्ष, शैक्षिक पक्ष, सामाजिक पक्ष, आर्थिक पक्षका साथै व्यवस्थापकीय पक्ष लगायत अतिरिक्त क्रियाकलापलाई समेटेर प्रतिवेदन तयार पारिएको छ।

१)**भौतिक पक्षः**

पोखरा महानगरपालिका वडा नं ९ नयाँबजारमा अवस्थित यस क्याम्पसको भौतिक स्वरुप १३ कक्षा कोठा, कम्प्युटर हल, पुस्ताकलय कक्ष १५,६४२ (पन्ध्र हजार छ सय बयालिस पुस्तक सहित), शिक्षण स्टाफ कक्ष,  क्याम्पस प्रमुखको कार्यालय कोठा, शैक्षिक तथा परीक्षा  प्रशासन कोठा तथा आर्थिक प्रसासनको कार्यालय कोठा लगायत आधुनिक फर्निचर( कक्षा कोठा बेन्च, डेस्क र पोडियम,) फोटोकपी मेसीनहरु, कार्यालय कम्प्युटरहरु, प्रयोगशाला कम्प्युटरहरु कार्यालय उपकरण लगायत सहायक क्याम्पस प्रमुखको कक्ष र व्यवस्थापन समितिको कक्ष एवम् वैठक कक्ष, भलिबल तथा बास्केटबल मैदान, पुरुष तथा महिला शौचालय र सुविधाजनक क्यान्टिनको व्यवस्था लगायत वेटिङ कक्ष समेत रहेको छ।

क्याम्पसको स्थायित्वको लागि पोखरा उपत्यका नगर विकास समितिबाट चार रोपनी जग्गा प्राप्त गरि सुविधा सम्पन्न (अपाङमैत्री, प्रविधियुक्त कक्षा कोठा, द्रुत गतिको इन्टरनेट, चमेनागृह, सभाहल, पुस्तकालय आदि) भवन रु ८,८९,४०,५०१।३७ अक्षरुपी (आठ करोड उनान्नव्बे लाख चालिस हजार पाँच सय एक र सैतिस पैसा मात्र) अनुमानित लागत सहितको भवन निमार्ण कार्य अगाडि बढि रहेको ।

२) **शैक्षिक पक्ष** :

पोखरा नगरीको व्यापारिक केन्द्रमा रहेको यस क्याम्पसले विशेषत अथक परिश्रम गरी छोरा छोरीको भविष्यका लागि लगानी गर्ने अभिभावकको सपना साकार पार्ने उद्देश्य अनुरुप स्थानीय तथा राज्यका कैयौं जिल्ला तथा दुरदराजबाट पोखरामा आएर सानोतिनो रोजगार गर्ने र दैनिक गुजारा गर्ने विध्यार्थीका लागि यस पोखरा बहुमुखी क्याम्पस उच्च शिक्षाको आशाको केन्द्र नै बन्दै गएको छ । यस संस्थामा ५०० भन्दा बढी संख्यामा विद्यार्थीहरु अध्ययनरत रहेकोमा हाल ३४४ विद्यार्थी छन् ।

विगत तीन वर्षदेखि मानविकी र व्यवस्थापन संकायमा निम्नानुसारका विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

क) व्यवस्थापन तथा मानविकी संकाय (विद्यार्थी विवरण )

| **शैक्षिक वर्ष** | **व्यवस्थापन संकाय** | **मानविकी तथा सामाजिक शास्त्र** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|
| २०७५।२०७६ | ३१३ | १०१ | ४१४ | |
| २०७६।२०७७ | २७३ | १११ | ३८४ | |
| २०७७।२०७८ | २३३ | १११ | ३४४ | |

बि. बि. एस. प्रथम वर्ष ६७ बि.ए. प्रथम वर्ष ६३

| **विवरण** | **बि. बि. एस. प्रथम वर्ष** | | **जम्मा** | **बि.ए. प्रथम वर्ष** | | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | **छात्र** | **छात्रा** | | **छात्र** | **छात्रा** | | |
| दलित | १ | ५ | ०६ | ३ | ६ | **९** | |
| जनजाति | ९ | २२ | ३१ | ५ | २४ | **२९** | |
| मधेसी | २ | १ | ३ | १ | ० | **१** | |
| अन्य | १२ | १५ | २७ | ७ | १७ | **२४** | |
| **जम्मा** | **२४** | **४३** | **६७** | **१६** | **४७** | **६३** | |

बि. बि. एस. दोस्रो वर्ष ६०　　　　　　　　　　बि.ए. दोस्रो वर्ष २७

| विवरण | बि. बि. एस. दोस्रो वर्ष | | जम्मा | बि.ए. दोस्रो वर्ष | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | | छात्र | छात्रा | | |
| दलित | ७ | ३ | १० | १ | ४ | **५** | |
| जनजाति | ६ | १५ | २१ | ६ | ७ | **१३** | |
| मधेसी | ० | ३ | ३ | ० | १ | **१** | |
| अन्य | ११ | १५ | २६ | १ | ७ | **८** | |
| **जम्मा** | **२७** | **३३** | **६०** | **८** | **१९** | **२७** | |

बि. बि. एस. तेस्रो वर्ष ५१　　　　　　　　　　बि.ए. तेस्रो वर्ष २१

| विवरण | बि. बि. एस. तेस्रो वर्ष | | जम्मा | बि.ए. तेस्रो वर्ष | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | | छात्र | छात्रा | | |
| दलित | ४ | १ | ५ | १ | १ | **२** | |
| जनजाति | ३ | १९ | २२ | १ | ६ | **७** | |
| मधेसी | ० | १ | १ | ० | ० | **०** | |
| अन्य | ९ | १४ | २३ | २ | १० | **१२** | |
| **जम्मा** | **१६** | **३५** | **५१** | **४** | **१७** | **२१** | |

बि. बि. एस. चौथो वर्ष ५५

| विवरण | बि. बि. एस. चौथो वर्ष | | जम्मा | बि.ए. चौथो वर्ष | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | | छात्र | छात्रा | | |
| दलित | ० | ८ | **८** | | | | |
| जनजाति | ३ | १३ | **१६** | | | | |
| मधेसी | २ | २ | **४** | | | | |
| अन्य | ८ | १९ | **२७** | | | | |
| **जम्मा** | **१३** | **४२** | **५५** | | | | |

## विद्यार्थी तहगत उतीर्ण विवरण

परीक्षामा सहभागी विद्यार्थी : २७ (बि.ए. प्रथम वर्ष २०७६) परीक्षामा उत्तीर्ण विद्यार्थी : १०

| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दलित | १ | ४ | ५ | ० | २ | २ | |
| जनजाति | ६ | ७ | १३ | २ | २ | ४ | |
| मधेसी | ० | १ | १ | ० | १ | १ | |
| अन्य | १ | ७ | ८ | १ | २ | ३ | |
| जम्मा | ८ | १९ | २७ | ३ | ७ | १० | |

परीक्षामा सहभागी विद्यार्थी :६० (बि.बि.एस. प्रथम वर्ष २०७६) परीक्षामा उत्तीर्ण विद्यार्थी : १०

| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दलित | ७ | ३ | १० | १ | ० | १ | |
| जनजाति | ६ | १५ | २१ | १ | ४ | ५ | |
| मधेसी | ३ | ० | ३ | ० | ० | ० | |
| अन्य | ११ | १५ | २६ | २ | २ | ४ | |
| जम्मा | २७ | ३३ | ६० | ४ | ६ | १० | |

परीक्षामा सहभागी विद्यार्थी :२८ (बि.ए. दोस्रो वर्ष २०७६) परीक्षामा उत्तीर्ण विद्यार्थी : ८

| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दलित | १ | १ | २ | १ | ० | १ | |
| जनजाति | १ | ११ | १२ | १ | ० | १ | |
| मधेसी | ० | १ | १ | ० | ० | ० | |
| अन्य | ३ | १० | १३ | १ | ५ | ६ | |
| जम्मा | ५ | २३ | २८ | ३ | ५ | ८ | |

परीक्षामा सहभागी विद्यार्थी :७० (बि.बि.एस. दोस्रो वर्ष २०७६) परीक्षामा उत्तीर्ण विद्यार्थी : ९

| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दलित | ५ | २ | ७ | ० | ० | ० | |
| जनजाति | ४ | २८ | ३२ | ० | ४ | ४ | |
| मधेसी | १ | ० | १ | ० | ० | ० | |
| अन्य | १० | २० | ३० | ४ | १ | ५ | |
| जम्मा | २० | ५० | ७० | ४ | ५ | ९ | |

परीक्षामा सहभागी विद्यार्थी :३० (बि.ए. तेस्रो वर्ष २०७६) परीक्षामा उत्तीर्ण विद्यार्थी : ६

| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दलित | १ | १ | २ | ० | १ | १ | |
| जनजाति | ४ | १० | १४ | १ | २ | ३ | |
| मधेसी | ० | ० | ० | ० | ० | ० | |
| अन्य | ३ | ११ | १४ | ० | २ | २ | |
| जम्मा | ८ | २२ | ३० | १ | ५ | ६ | |

परीक्षामा सहभागी विद्यार्थी ६७ (बि.बि.एस. तेस्रो वर्ष २०७६) उत्तीर्ण विद्यार्थी संख्या २१

| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दलित | ० | ९ | ९ | ० | २ | २ | |
| जनजाति | ४ | १७ | २१ | ० | ५ | ५ | |
| मधेसी | ३ | २ | ५ | ० | ० | ० | |
| अन्य | १२ | २० | ३२ | ६ | ८ | १४ | |
| जम्मा | १९ | ४८ | ६७ | ६ | १५ | २१ | |

परीक्षामा सहभागी विद्यार्थी ३७ (बि.बि.एस. चौथो वर्ष २०७६)उत्तीण विद्यार्थी संख्या ११

| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| दलित | ० | ० | ० | ० | ० | ० | |
| जनजाति | ३ | १२ | १५ | २ | ३ | ५ | |
| मधेसी | १ | १ | २ | ० | ० | ० | |
| अन्य | ६ | १४ | २० | ३ | ३ | ६ | |
| जम्मा | १० | २७ | ३७ | ५ | ६ | ११ | |

# स्नातक उपाधि तथ्याङ्क

**बि.बि.एस.**

| | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| दलित | ० | ० | ० |
| जनजाति | ० | ५ | ५ |
| मधेसी | ० | ० | ० |
| अन्य | २ | ३ | ५ |
| जम्मा | २ | ८ | १० |

**बि.ए.**

| | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| दलित | ० | ० | ० |
| जनजाति | २ | ४ | ६ |
| मधेसी | ० | ० | ० |
| अन्य | २ | ४ | ६ |
| जम्मा | ४ | ८ | १२ |

➢ **शैक्षिक गुणस्तर अभिवृद्धि तथा विद्यार्थीलाई प्रोत्साहन गर्नका लागि निम्न सुविधा उपलब्ध गराइँदै आएको छ।**

क) विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेको मापदण्ड QAA अन्तर्गत आशय पत्र ( LOI) प्राप्त गरि सो सँग सम्वन्धीत थप प्रकृया अघि बढाइएको ।

ख) क्याम्पसको स्थायित्व सहित शैक्षिक गुणस्तर अभिवृद्धिका लागि जग्गा प्राप्ती गरि भवन निमार्ण कार्य अगाडी बढाइएको ।

ग) शैक्षिक स्तर वृद्धिका लागि शिक्षक, कर्मचारीहरु तथा विद्यार्थीहरुको क्षमता अविवृद्धि गर्न विभिन्न तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु गरिँदै आएको ।

घ) विद्यार्थीहरुलाई सामाजिक उत्तरदायित्व वहन गराउनुका साथै ज्ञान र अनुभव हासिल गराउने उद्देश्यले विभिन्न सामाजिक कार्यमा सहभागी तथा अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु सञ्चालन गरिँदै आएको ।

ङ) सूचना प्रविधिलाई समय सापेक्ष बनाउदै क्याम्पसको आफ्नै web site २०७४ साल देखी सञ्चालनमा ल्याइएको । (**www.pmcpokhara.edu.np**)

च) कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको लागि प्रोत्साहन गर्दै कार्यदक्षतामा अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष एक एक जनालाई वार्षिक रुपमा पुरस्कार सहित सम्मानित गर्दै आएको ।

**अक्षयकोष, छात्रवृत्ती तथा पुरस्कार**

क्याम्पसको शैक्षिक स्तर वृद्धि र विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थानीय समाज सेवी तथा शिक्षा प्रेमीहरुबाट निम्न अनुसारको अक्षयकोष स्थापना तथा छात्रवृत्ति प्रदान गरिँदै आएको ।

**क.लक्ष्मी हाउस छात्रवृत्ति**ःव्यवस्थापन संकायका प्रत्येक वर्षमा उच्चतम अंक ल्याउने चार जना छात्राछात्रलाई जनही रु ५०००।००का दरले प्रदान गरिने छ ।

**ख.मिनछात्रवृत्ति** : क्याम्पसको स्नातक तहमा प्रथम वर्षमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्राछात्र दुई जनालाई रु ५०००। का दरले छात्रवृत्ति वितरण गरिने छ ।

**ग.दिलमाया श्रेष्ठ स्मृति छात्रवृत्तिः(शम्भु मोटरसाइकल रिपेयर सेण्टर द्वारा)** क्याम्पसमा अध्ययनरत स्नातक तह प्रथम वर्षका गरिब तथा जेहेन्दार छात्राछात्र मध्ये एक जनालाईरु ५०००। छात्रवृत्ति प्रदान गरिने छ ।

**घ.जेहेन्दार छात्रवृत्ति**ः क्याम्पसको तर्फबाट प्रत्येक कार्यक्रमका प्रत्येक वर्षका उच्चतम अङ्क ल्याउने एक एक जना छात्रा छात्रलाई नगद रु २०००।०० र पुरस्कार प्रदान गरिने छ ।

**ङ.आन्तरिक परीक्षाको जेहेन्दार छात्रवृत्तिः** प्रत्येक सेक्सनमा उच्चतम अङ्क ल्याउने छात्र छात्रा एक एक जना गरी रु२०००।०० कादरले ११ सेक्सनमा छात्रवृत्ति रु २२०००। छात्रवृत्ति प्रदान गरिने छ ।

**च. विद्या राणा अक्षयकोष**ः व्यवस्थापन संकायको उच्चत्तम अंक ल्याउने जेहेन्दार छात्रा एक जनालाई रु २०००।०० प्रदान गरिने छ ।

**छ.धनिराम अक्षयकोष** :ऐच्छिक विषयको रूपमा अंग्रेजी विषय लिई उच्चतम अङ्क प्राप्त गर्ने छात्राछात्र मध्ये एक जनालाई अक्षयकोषबाट आर्जन गरेको व्याज रकमको जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ ।

**ज.रुक कुमारी गुरुङ अक्षयकोषः** मानविकी तथा समाजशास्त्र संकायमा मुल विषय अंग्रेजी लिई उच्चतम अङ्क ल्याउने एक जना छात्रालाई अक्षयकोषबाट आर्जन गरेको व्याज रकमको जेहेन्दार छात्रवृत्ति प्रदान गरिने छ ।

**झ.समिर/महिमा गुरुङ अक्षयकोष :**मानविकी संकायमा उच्चतम अङ्क ल्याई दीक्षित हुने एक जनालाई शिक्षाविद् गणेशबहादुर गुरुङको संरक्षकत्वमा अक्षय कोषबाट आर्जन हुने व्याज रकमबाट प्रदान गरिने छ ।

**ञ. धन कुमारी तथा धन सुबा अक्षयकोष :** क्याम्पसमा अध्ययनरत गरिब तथा जेहेन्दार छात्रा चार जनालाई अक्षय कोषबाट आर्जन हुने व्याज रकमबाट प्रदान गरिने छ ।

**ट.बेलायती तथा चिनी माया नापित अक्षयकोष :** क्याम्पसमा अध्ययनरत गरिब तथा जेहेन्दार छात्र छात्रा मध्ये दुई जनालाई अक्षय कोषबाट आर्जन हुने व्याज रकमबाट प्रदान गरिने छ ।

**माथि तोकिएका छात्रवृत्ति बाहेक भर्ना कार्यक्रममा भर्ना शुल्कमा ५० प्रतिशत सम्म छुट र लक्षित वर्गका विद्यार्थीहरुका लागि२५ देखी १०० प्रतिशत सम्म छुट गरी अन्य लाई शिक्षण शुल्कमा देहाय बमोजिमको छात्रवृत्ति व्यवस्था गरिएको छ ।**

| **छात्रवृत्तिको प्रावधान (I/II/III/IVको जम्मा)** | **१०० %** | **८० %** | **७५ %** | **६० %** | **५० %** | **४० %** | **३० %** | **२५ %** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| **दलित** | | | **१** | | **४** | **५** | | **६** | **१६** |
| **मधेसी** | | | | | **१** | | **२** | | **३** |
| **जनजातिआदिवासी** | | | | | **२** | **३** | **१** | **१** | **७** |
| **अन्य** | **४** | | **३** | | **८** | **१०** | **१२** | **१०** | **४७** |
| **अपाङ्ग** | | | | | **१** | | | | **१** |
| **जम्मा** | **४** | | **४** | | **१६** | **१८** | **१५** | **१७** | **७४** |

- **जम्मा छात्रवृत्ति संख्या** : ७४

**विभागीय संरचना :**

शैक्षणिक क्रियाकलापको प्रभावकारिता अभिवृद्धि गर्न, अनुसन्धान तथा विकास कार्यक्रम र प्राज्ञिक उन्नयनलाई सहज वातावरण सृजना गर्न सहयोग पुर्‍याउने उद्देश्यले क्याम्पसमा पठनपाठन हुने विषयका विषयगत विभागीय संरचनासहित जिम्मेवारी सुम्पिएको छ ।

**१) सामान्य व्यवस्थापन विभागः**

- बजारशास्त्र
- व्यवस्थापनको सिद्धान्त

- मानव संसाधन व्यवस्थापन
- व्यावसायिक अनुसन्धानको पद्धति
- उद्यमशीलता तथा उद्यम व्यवस्थापन
- व्यावसायिक वातावरण तथा रणनीतिक व्यवस्थापन
- वाणिज्य कानुन
- संगठनात्मक व्यवहारः
- लेखाशास्त्र
- वित्तशास्त्र
- तथ्याङ्कशास्त्र

**३) भाषा तथा साहित्य विभागः**

- नेपाली
- अंग्रेजी

४) **मानविकी तथा अर्थशास्त्र विभागः**

- अर्थशास्त्र
- समाजशास्त्र तथा मानव अधिकारशास्त्र
- आमसञ्चार तथा पत्रकारिता
- ग्रामीण विकास

क्याम्पसको शैक्षिक क्रियाकलापलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनका लागि परीक्षा समिति, पुस्तकालय व्यवस्थापन समिति, अनुसन्धान तथा जर्नल प्रकाशन समिति गठन गरी जिम्मेवारी समेत प्रदान गरिएको छ ।

**अतिरिक्त क्रियाकलाप :**

- खेलकुदहरुः अन्तर सङ्काय  छात्र भलिवल, अन्तर सङ्काय छात्रा भलिवल, फुटसल, म्युजिकल चेयर आदि ।
- साहित्यिक कार्यक्रमहरुः निवन्ध प्रतियोगिता, कविता प्रतियोगिता, वादविवाद प्रतियोगिता तथा हाजिरी जवाफ प्रतियोगिता ।
- शैक्षिक भ्रमण कार्यक्रमः विषयगत फिल्ड भिजिटमा आधारित शैक्षिक भ्रमण कार्यक्रम ।
- सामाजिक दायित्व अन्तर्गत विद्यार्थी कल्याणकारी संघ र क्याम्पस प्रशासनको संयुक्त प्रयासबाट शैक्षिक सामाग्रीका साथै न्यानो कपडा प्रदान ।

**जनशक्तिको अवस्थाः**

क्याम्पसका शैक्षणिक गतिविधि तथा प्रशासनिक गतिविधि एवम् सुरक्षाको लागि देहाय बमोजिमको जनशक्तिको व्यवस्था गरिएको छ।

१) क्याम्पस प्रमुख (प्रशासन प्रमुखको रुपमा कार्यालय प्रमुख)

२) सहायक क्याम्पस प्रमुख १ जना ( क्याम्पस प्रमुखलाई सहयोग गर्ने गरी )

३) प्राध्यापकः २५ जना (प्राध्यापन, अनुसन्धान एवम् विकासका कार्यक्रममा लगाउने गरी व्यवस्था)

४) प्रशासनिक कर्मचारीः ८ जना

५) सुरक्षा कर्मचारीः १ जना

**व्यवस्थापकीय संरचना :**

क्याम्पसको समग्र नीति निर्माण गर्ने, क्याम्पस प्रशासनलाई निर्देशन दिने र अवलोकन तथा मुल्याङकन गर्ने गरी क्याम्पसको विधान ५९(पहिलो संशोधन २०७५)को परिच्छेद ३ वमोजिम १५ सदस्यीय सञ्चालक समिति गठन गरिने व्यवस्था छ । जसमा साधारण सभाका सदस्यहरू मध्येबाट निर्वाचित एक जना अध्यक्ष, साधारण सभाका सदस्यहरूबाट निर्वाचित कोषाध्यक्ष एक जना, उद्योग वाणिज्य संघको अध्यक्ष पदेन एक जना सदस्य, र यसै वडा नं ९ का अध्यक्ष एक जना पदेन सदस्य, त्रि.वि. उपकुलपतिबाट एक जना सदस्य नियुक्ति गर्ने, विशिष्ट संरक्षकहरु मध्येबाट एक जना सदस्य, प्राध्यापक संघको अध्यक्ष पदेन एक जना सदस्य, महेन्द्र मा.वि.व्यवस्थापन समितिको अध्यक्ष पदेन सदस्य, महेन्द्र मा.वि.का प्रधानाध्यापक पदेन सदस्य, आजीवन सदस्यहरुमध्येबाट साधारणसभाबाट निर्वाचित सदस्य एक जना सदस्य, प्रतिष्ठित शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट सञ्चालक समितिले मनोनित गर्ने चार जना, सदस्य र क्याम्पस प्रमुखले सदस्य सचिवको भूमिका रहने गरी सञ्चालक समिति रहने छ । सातौ साधारण सभा परिच्छेद–३ को दफा ३.३ मा सल्लाहकार परिषदको व्यवस्था समेत थप गरिएको ।

**३) आर्थिक पक्ष :**क्याम्पस सञ्चालनको लागि आवश्यक पर्ने आर्थिक स्रोत भनेकै विद्यार्थीहरुबाट लिइने शुल्क हो । यसका अतिरिक्त विश्वविद्यालय अनुदान आयोग, बैकमा रहेको मुद्धती खाता र बचत खाताको व्याजबाट आम्दानी र आजीवन सदस्यबाट प्राप्त हुने सदस्यता शुल्क नै आम्दानीको प्रमुख स्रोत रहेका छन् ।

**विशेष अनुदानको व्यवस्था :** क्याम्पसको शैक्षिक विकास तथा सञ्चालन खर्चको लागि आर्थिक सहयोग पुगोस् भन्ने उद्देश्यले नियमनकारी भूमिकाको रूपमा रहेको नेपाल सरकार विश्वविद्यालय अनुदान आयोगबाट वर्षेनि नियमित अनुदान र विकास खर्चको लागि अनुदान प्राप्त हुने गरेको छ । यस अनुदानबाट आ.व.२०७४।२०७५ मा स्वीकृत भएको रु ६०००००।०० अनुदानले पुस्तक खरिद गरी पाठ्यसामग्रीलाई सबल बनाइएको छ भनेआ.व.२०७५।७६ मा स्वीकृत भएको रु ४०००००।०० फर्निचर तर्फ र आ.व.२०७६।७७ मा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश बाट स्वीकृत भएको रु ८०००००।०० पूजिगत खर्च प्रविधिमैत्रि बनाउनका लागि (कम्प्युटर, ल्यापटप, टेबल कुर्ची) समेत खरिद गरिएको ।

विगत पाँच बर्षदेखि विश्वविद्यालय अनुदान आयोग र सामाजिक विकास मन्त्रालयबाट प्राप्त अनुदान देहाय वमोजिम रहेको छ ।

| क्र.सं | आर्थिक बर्ष | नियमित अनुदान | विकास अनुदान | जम्मा रु |
|---|---|---|---|---|
| १ | २०७२।२०७३ | ६१००००।०० | | **६१००००।००** |
| २ | २०७३।२०७४ | ८१६८५०।०० | | **८१६८५०।००** |
| ३ | २०७४।२०७५ | ७०९९७५।०० | ६०००००।०० | **१३०९९७५।००** |
| ४ | २०७५।२०७६ | ८५३६५०।०० | ४०००००।०० | **१२५३६५०** ।०० |
| ५ | २०७६।२०७७ | ९,००,०२५।०० | ७,८९,२८५।०० | **१६८९३१०।००** |

४) **सामाजिक पक्ष** :

क) सञ्चालक समितिका पदाधिकारी तथा प्राध्यापक कर्मचारीबाट पोखरा महानगरपालिका COVID राहत कोषमा आर्थिक सहयोग गरिएको ।

ख) विशुद्ध सेवामूलक संस्थाका रूपमा सञ्चालन हुँदै आएको ।

ग) आर्थिक दृष्टिले निम्न स्तरका सर्वसाधारण जनतामा पनि उच्च शिक्षाको पहुँच पुऱ्याउँदै आएको ।

घ) देशका विभिन्न ठाँउमा प्राकृतिक प्रकोपमा परेका पीडित व्यक्तिहरुलाई विद्यार्थी कल्याणकारी संघको पहल तथा वडा नं ९ को आर्थिक सहयोगमा राहत वितरण हुँदै आएको र वार्षिक रुपमा अनाथ बालबालिकालाई न्यानो लुगा वितरण गर्दै आएको ।

ङ) क्याम्पसको प्रत्येक वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम हुँदै आएको ।

च) विद्यार्थीहरुबाट आर्थिक सहयोग सङ्कलन गरी समय समयमा वृद्धाश्रममा राहत वितरण गरिएको ।

छ) वार्षिक रुपमा विद्यार्थी कल्याणकारी संघको सहयोगमा गरिने कार्यक्रम मध्ये यस वर्षकृष्तीमा अवस्थित प्राथमिक विद्यालयका विपन्न विद्यार्थीहरुलाई शैक्षीक सामाग्रीवितरण गरिएको ।

ज) क्याम्पसको प्रत्येक वार्षिकोत्सवको अवसरमा क्याम्पस हाता र हाताबाहिर करिब दुई किलोमिटर सडक सफाइ कार्यक्रम गरिँदै आएको ।

**५) साधारण सभा सम्बन्धी व्यवस्था:**

क्याम्पस सञ्चालन, विकास र समृद्धिका लागि नीति निमार्ण गर्न नियमनकारी निकायका रूपमा क्याम्पसको साधारण सभा आयोजना गरिनेछ । गत आ.व.२०७४।२०७५, मिति २०७५ वैशाख २२ गतेका दिन यसै क्याम्पसको हाताभित्र छैटौं साधारण सभाको आयोजना गरी भव्य सभ्य रुपमा साधारण सभा सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु । यसै साधारण सभामा क्याम्पसको विकास र समृद्धिका लागि ३ वटा नीति तथा निणर्यहरु भएका छन् । संरक्षक, विशिष्ट आजीवन र आजीवन सदस्यहरुको व्यवस्था रहने गरी विधानलाई संशोधन गरिएको छ । यस साधारण सभामा विधान बमोजिम हुनु भएका सदस्यलाई फ्रेम सहितको प्रमाणपत्र प्रदान गरिएका छन् । अझै पनि केहीसदस्य महानुभावहरुले उक्त सदस्यताको प्रमाणपत्र लैजान बाँकी नै रहेकाले क्याम्पसको प्रशासनमा सम्पर्क राखी लैजानको लागि हार्दिक अनुरोध गर्दछु ।

**६) क्याम्पसका सबल पक्षहरु :**

१) पोखराको केन्द्रमा अवस्थित

२) अल्पसंख्यक र सिमान्कृत समुदायको पहुच

३) दक्ष तथा प्रतिवद्ध प्राध्यापक तथा कर्मचारीहरु

४) समुदाय सँग सुमधुर सम्वन्ध

५) क्याम्पस सभाद्वारा सञ्चालक समितिको निर्वाचन तथा निति निमार्ण गर्ने व्यवस्था

१) भौतिक पूर्वाधार सु-सम्पन्न

२) व्यवस्थित कक्षाकोठा, कार्यालय, लाइब्रेरी, खेलकुद मैदान तथा इ-लाइब्रेरीको उचित व्यवस्था

३) स्तरीय जनशक्तिको व्यवस्था

**७) चुनौतीहरुः**

१) शैक्षीक संस्थाहरु विच अस्वस्थ्य प्रतिसपर्दा

२) प्राध्यापक कर्मचारीहरुलाई अनुसन्धान कार्यमा अपेक्षीत रुपमा सरिक गराउन नसकिनु

३) सामुदायीक क्याम्पसका लागि सरकारको उचित सहयोगको अभाव

४) शिक्षण पेशा प्रति आकर्षणको अभाव

५) शिक्षामा हुदै गएको अधिक निजिकरण

६) उत्तिर्ण विद्यार्थीहरुका लागि उपयुक्त रोजगारीको अभाव

७) स्कुल र क्याम्पस एउटै परिसरमा सञ्चालन हुँदा समय र कक्षा कोठा अभाव

८) विद्यार्थीहरुको अध्ययन कार्य बिचमा छोड्ने प्रवृत्तिलाई न्युनीकरण गर्नुपर्ने,

९) राज्यको वर्तमान संघीय संरचना अनुरूप विश्वविद्यालयका गतिविधिलाई समावेश गरी मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्न यस क्याम्पसका नीति, योजना र कार्यक्रमलाई परिमार्जन गर्दै लैजानु पर्ने ।

## क्याम्पसका चुनौतीहरुको सामनाका लागि अपनाइने नितिहरु(Plans for Addressing the Issues and Challenges)

१) विद्यार्थीहरुलाई पुस्तकालयमा गई पढ्न प्रोत्साहन गर्ने ।

२) विद्यार्थीहरुको नतिजामा सुधार ल्याउन कमजोर विद्यार्थीहरुको पहिचान गरी अतिरिक्त कक्षा, परीक्षा तयारी कक्षा लगायत परामर्श कक्षालाई अझ प्रभावकारी गराउने ।

३) विद्यार्थीहरुको नियमित रुपमा एकाइ परीक्षा र आन्तरिक परीक्षा सञ्चालन गर्ने ।

४) क्याम्पसका लागि नियमित आय स्रोत वृद्धि गर्न विभिन्न सरकारी तथा गैर सरकारी दातृ निकायहरु सँग सम्पर्क र समन्वय गरिने ।

५) प्राध्यापक तथा कर्मचारीहरुको कार्य क्षमता अभिवृदी गर्न पूनर्ताजगी तथा अनुसन्धान कार्यका लागि प्रोत्साहन गर्ने ।

६) प्राध्यापकहरुको वृत्ति विकास गर्न अनुसन्धानमूलक कार्यका लागि प्रोत्साहित गर्ने ।

७) पोखरा उपत्यका नगर समितिबाट उपलब्ध गराइएको जग्गामा अपाङ मैत्री सहितको प्रयाप्त तथा सुविधा सम्पन्नकक्षा कोठाहरु निमार्ण गर्ने ।

**८) भावी कार्यक्रम र योजना**

क) QAA प्राप्त गर्नको लागि आवश्यक कार्यहरु गर्ने ।

ख) क्याम्पसको सञ्चालन खर्च व्यवस्थापन गर्न पुग्ने गरी विद्यार्थीको शिक्षण शुल्क समायोजन गर्ने ।

ग) विद्यार्थीहरुले क्याम्पस छोड्ने दरलाई कम गराउन विशेष कार्ययोजना तयार गरि कार्यन्वयन गर्ने ।

घ) क्याम्पसको शैक्षीक विभागहरुलाई अझ बढि क्रियाशिल गराउने ।

ङ) BBA, BIM,BHM, MBA, MA.जस्ता कार्यक्रमहरु थप गर्न पहल गर्ने ।

च) क्याम्पसको बृहत्तर विकासका लागि पोखरा उपत्यका नगर विकास समिति बाट प्राप्त जग्गामा भवन निमार्ण गरिने ।

छ) विधार्थीको शैक्षिक गुणस्तरमा वृद्धि गर्ने ।

ज) प्राध्यापक तथा कर्मचारीलाई स्तर उन्नति गर्न विभिन्न तालिम, गोष्ठी तथा अनुसन्धानमूलक कार्यकममा सहभागी गराउने ।

झ) प्रतिस्पर्धात्मक वातावरणमा स्थानीय आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वयगरी रोजगारमूलक विषयमा स्वीकृति लिई नयाँ कार्यक्रमहरु सञ्चालन गर्ने ।

ञ) आवश्यकता अनुसार संस्थाको नीति नियम तथा कार्यक्रमहरु, सुधार तथा थप गर्दै लैजाने ।

**कृतज्ञता तथा धन्यवादः**

अन्त्यमा, स्थापना कालदेखि वर्तमानसम्म क्याम्पसको समग्र पक्षको विकासमा सहयोग गर्नु हुने संस्थापक, संरक्षक, विशिष्ट आजीवन, आजिनव सदस्यहरु, पोखरा उद्योग वाणिज्य संघ, पोखरा महानगरपालिका, उपत्यका नगर विकास समिति, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय, क्याम्पसको लागि जग्गा उपलव्ध गराउने पोखरा महानगरपालिका प्रमुख एवं पोखरा उपत्यका नगर विकास समिति, वडा नं ९, स्थानिय शिक्षा प्रेमी, सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी एवं अभिवावकहरुको क्याम्पसको प्रगतिमा सबैको अतुलनीय भुमिका रहेकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।आगामी दिनमा पनि क्याम्पसको समग्र विकासका लागि सदाझै सम्वन्धित सबैको आर्थिक, भौतिक, नैतिक, सामाजिक एर्व रचनात्मक सल्लाह सुझाव र सहयोगको अपेक्षा सहितसम्पूर्ण शुभेच्छुकहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

........................

शिशुकला पराजुली

क्याम्पस प्रमुख

त्रि.वि.वि. बाट सम्वन्धन प्राप्त

# पोखरा बहुमुखी क्याम्पस

पोखरा महानगरपालिका- ९, नयाँबजार

स्थापना : वि.सं.२०४४

# वार्षिक प्रतिवेदन

## २०७७

मिति : २०७७/०८/१४